# बालअधिकार र बालसंरक्षण बारे सचेत बनौँ :
## *बालबालिकामाथि हुने दुर्व्यवहार, हिंसा र शोषण बिरुद्ध काम गरौँ ।*

आदरणीय अभिभावक ज्यू,

बालबालिका भनेका देशको भविष्य मात्र नभएर वर्तमान पनि हुन् । वर्तमान राम्रो भएन भने उज्ज्वल भविष्यको कल्पना पनि गर्न सकिदैन । त्यसैले आफ्ना बालबालिकाको शिक्षा र स्वास्थ्यमा ध्यान दिनु, हेरचाहगर्नु, कुटपिट, घरेलुहिंसा, श्रमशोषण, बेचविखन, ओसारपसार तथा अपहरणबाट जोगाउनु अभिभावकको दायित्व हो । बालबालिकाहरुलाई **पारिवारिक वातावरणमा हुर्काउनु, बढाउनु र पढाउनु** पदर्छ । बालबालिकाहरु पारिवारीक हेरचाह भन्दा टाढा रहँदा उनीहरुमाथि तल उल्लेखित अनुसारको शोषण, दुर्व्यवहार, हिंसा हुन सक्दछ । त्यसैले बालबालिकाहरुलाई हुने जोखिमताहरु कम गराई बालमैत्री परिवार र समुदायको निर्माणका लागि हार्दिक अनुरोध गर्दछौँ । बालबालिका परिवारभन्दा टाढा रहँदा हुनसक्ने जोखिमता र कानूनी व्यवस्था निम्न अनुसार रहेको छ :

क) बालश्रम :

कतिपय अभिभावकले आफना बालबालिकाले मिठो खान पाउँछ, राम्रो लाउन पाउँछ भन्ने आशामा शहरमा काम गर्न पठाएकाछन् । सानै उमेरमा बालबालिकाहरुलाई परिवारबाट टाढा राखेर अरुको घरमा, कलकारखाना, यातायात क्षेत्रको श्रममा संलग्न गराउँदा उनीहरु माथि कुटपिट हुने, दुर्व्यवहार हुने, यौन शोषण हुने, लामोसमय सम्म कामगर्नु पर्ने, क्षमता भन्दा बढी काम गर्नु पर्ने, कुलतमा फस्ने, दुर्घटनामा परि ज्यानै जानसक्ने तथा विद्यालयजानबाट बञ्चित हुने गर्दछन् । त्यसैले आफ्ना बालबालिकाहरुलाई श्रममा संलग्न नगराउन सबैलाई अनुरोध गर्दछौँ । बालबालिकालाई श्रममा लगाउनु सामाजिक तथा कानूनी अपराध हो । १६ बर्ष भन्दा कम उमरे का बालबालिकालाई श्रममा लगाएमा **१ वर्षसम्म कैद वा रु ५०,००० ।- सम्म जरिवाना वा दुवै दण्ड सजाय हुने छ ।**

ख) बालबिवाह :

१८ बर्ष भन्दा कम उमरे का बालबालिकाको बिचमा **बिवाह गर्नु वा गराइदिनु बालबिवाह हो** । नपोलको कानुन अनुसार यो दण्डनीय छ । कानूनले बिहे गराइदिने बाबुआमा, परिवार, लमी, त्यस बिवाहका जन्ती सबैलाई समेत सजाय दिन्छ । बिहे गरिदिएपछि आफ्नो दायित्व सकियो भन्ने बुझाई अभिभावकको छ । तर, बिहे गरिदिदैमा दायित्व सकिदैन । आफ्नै आँखा अगाडि आफ्ना छोराछोरीले दुःख पाएको देखेर पछुताउनु भन्दा समयमै बिचार गर्नु बुद्धिमानी हुन्छ । **मुलुकी ऐन २०२० (बिवाहवारीको महल) ले** संरक्षकको मन्जुरी भए १८ वर्ष र संरक्षकको मन्जुरी नभए २० वर्ष उमेर नपुगी कुनैपनि महिला पुरुषबीच विवाह गर्नु गराउनु हुँदैन भनेको छ । त्यसैले बिहावारी २० बर्ष पारि भनिएको हो । बालबिवाह गराउने ब्यक्ति लाई कानूनले दण्ड सजाय तोकेको छ । १० वर्षभन्दा माथि र १४ वर्ष नपुगेकी बालिकाको बिवाह गरेगराएमा ३ महिनादेखि १ वर्षसम्म कैद र ५ हजार रुपैयाँसम्म जरिबाना, १४ वर्षभन्दा माथि १८ वर्ष नपुगेकी किशोरीको विवाह गरे-गराएमा ६ महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ । संरक्षकको मन्जुरीबिना २० वर्ष उमेर नपुगेका पुरुष वा महिलाको विवाह गरेगराएमा ६ महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । बालबिवाह कानूनी रुपमा दण्डनिय त छदैँ छ यसले बालबालिकामा पनि तल भनिए जस्तै धेरै नराम्रा असर पार्दछ :

- सानै उमेरमा बिवाह गरिदिनाले बालबालिकालाई अनावश्यक पारिवारिक बोझ पर्दछ ।
- बालबालिकाहरुको शिक्षा र स्वास्थ्यमा नकारात्मक असर पर्दछ । सानै उमेरमा गर्भवती भएका बालिकाहरुको अकालमै ज्यान जान सक्छ ।
- बालबालिकाहरुमा बिशेषगरी बालिकाहरुले शोषण र घरेलुहिंसामा परेर ज्यान गुमाउनु परेको पनि भेटिएको छ ।

**त्यसैले छोरा र छोरी दुबैको बिवाह २० बर्षको उमेर भन्दा अगाडी गर्ने कुरा सोच्दै नसोचौँ ।**

ग) बेच बिखन तथा ओसार पसार :

बालबालिकाको बेचबिखन तथा ओसारपसार कानूनी रुपमा अपराध हो । राम्रो काम लगाइदिने, पढाइदिने, मिठो खान दिने बाहानामा परिवारलाई झुटो आश्वासन दिएर बालबालिकाहरुलाई परिवारबाट छुट्याएर देश भित्रै तथा देश बाहिर ओसारपसार तथा बेचबिखन गरेको पाइन्छ । परिवारबाट छुट्याएर लगिएका बालबालिकाहरुलाई अपराधमा संलग्न व्यक्तिले जबरजस्ती श्रममा लगाउने, यौनशोषण गर्ने, बन्धक बनाउने, मनोरञ्जनको रुपमा प्रयोग गर्ने र शरिरका अङ्गहरु बिक्री गर्ने गरेको पाइन्छ । यसरी बालबालिकालाई किन्ने वा बेच्ने उद्देश्यले विदेशमा लैजानु, बेश्यावृत्तिमा लगाउनु, शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाईफकाई बालबालिकालाई प्रयोग गर्नु, बालबालिकाको अपहरण गर्नु, बालबालिकाको इच्छा विपरित परिवारबाट अलग गराई श्रम तथा मनोरञ्जनका लागि प्रयोग गर्नु, बालबालिकाको शरीर बन्धक राखी आर्थिक लाभ लिनु वा लिन सहयागे गर्नु बाल बालिकाको **ओसारपसार तथा बेच बिखन हो** । यसलाई सामाजिक तथा कानुनी अपराधको रुपमा लिईएको छ ।

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ ले यस किसिमको अपराध गर्ने, गराउने वा अपराध गर्न सहयोग गर्ने व्यक्तिलाई निम्न अनुसारको सजाय हुने व्यवस्था गरेको छ :-

- मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना,
- प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना,
- वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना ।

त्यसैले तपाईको परिवार, छिमेक तथा समुदायका कुनैपनि बालबालिकाहरु माथि उल्लेखित कुनै किसिमको जोखिममा परेका छन् अथवा जोखिममा पर्न सक्ने अवस्थामा छन् भने उनीहरुको बारेमा गाउँ बालसंरक्षण समिति तथा तलको ठेगानामा समयमानै जानकारी गराउनुहुन यहाँहरु सबैलाई हार्दिक आव्हान गर्दछौँ ।

## बालबालिका बिरुद्ध हिंसा शोषण र दुर्व्यवहार भएमा हामी त्यसका बिरुद्ध सहयोग गर्छौं ।


### सम्पर्कका लागि

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)

बुद्धनगर, काठमाडौ फोन नं : ०१४७८४५४५, सम्पर्क कार्यालय : धुलिखेल काभ्रेपलाञ्चोक
फोन नं : ०११-४९०८९४ हेल्पलाईन : १६६००११००००० (यसमा फोन गर्दा पैसा लाग्दैन)